नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
प्रशासन
(....................शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.:१६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

२०७८/७९/१/११
पत्र संख्या:-
प्राप्त पत्र संख्या:- ...............
च.नं.:- 96060

मिति : २०७९/०१/०४

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थलरुप नापी तथा भूउपयोग व्यवस्थापन महाशाखा, नापी विभाग ।
श्री कित्तानापी महाशाखा, नापी विभाग ।
श्री खगोल तथा भूमापन महाशाखा, नापी विभाग ।
श्री भौगोलिक सूचना पूर्वाधार महाशाखा, नापी विभाग ।
श्री नापी कार्यालयहरु, सबै ।
श्री विशेष नापी कार्यालयहरु, सबै ।
श्री डिजिटल नापी कार्यालय, बनेपा ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.स. १.१/प्र/२०७८/०७९/१(१)/२, च.नं १४४८, मिति २०७८/१२/२४ को निर्णय कार्यान्वयन सम्बन्धी पत्रसाथ प्राप्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.स. ०७८/७९, च.नं : भ्र. नि/५२१/५३२८, मिति २०७८/१२/१० को पत्र पाना १(एक) एवम् अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. योजना/०७८/७९, च.नं. २५७७८, मिति २०७८/१२/०४ को पत्र पाना २(दुई) यसै पत्र साथ संलग्न राखि पठाईएको छ । उक्त पत्रबाट व्यहोरा अवगत गर्नुभई सोही बमोजिम कार्यान्वयन गर्नु/गराउनु हुन आदेशानुसार अनुरोध छ ।

( सुरज श्रेष्ठ )
शाखा अधिकृत

बोधार्थ :

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा upload गरिदिनुहुन ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(प्रशासन शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

पत्र संख्याः-१.१/प्र./२०७८/०७९/१(१)२
चलानी नं. १४४८

मितिः- २०७८/१२/२४

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री राष्ट्रिय भूमि आयोग, रेडक्रसमार्ग,ताहाचल ।
श्री सबै महाशाखा/ शाखा, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, ववरमहल ।
श्री नापी विभाग, मिनभवन ।
श्री सहकारी विभाग, नयाँवानेश्वर ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल ।
श्री गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वर ।
श्री समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, अनामनगर, काठमाण्डौ ।
श्री राष्ट्रिय सहकारी वोर्ड, हरिहरभवन, पुल्चोक ।
श्री साझा प्रकाशन सहकारी संस्था लि.पुल्चोक, ललितपुर ।
श्री साझा भण्डार सहकारी संस्था लि. भोटाहिटी, काठमाण्डौं ।
श्री साझा यातायात सहकारी संस्था लि. पुल्चोक, ललितपुर ।
श्री साझा सेवा सहकारी संस्था लि. बल्खु ।
श्री साझा स्वास्थ्य सेवा सहकारी संस्था लि. पुल्चोक, ललितपुर ।

नापी विभाग
दर्ता नं.: २६४४
प्राप्त मितिः २०७८-१२-२६

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सुशासन तथा भ्रष्टाचार निगरानी शाखा) सिंहदरवारको प.सं. २०७८/०७९ च.नं. भ्र.नि./५२१/५३२८ मिति २०७८/१२/१० को सुझाव कार्यान्वयन सम्बन्धी पत्र को छाँयाप्रति पाना ३ (तीन) तहाँ तथा मातहतका निकायमा आवश्यक जानकारी तथा कार्यान्वयनको लागि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(अर्जुन पौडेल)
शाखा अधिकृत

बोधार्थः-
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
(सुशासन तथा भ्रष्टाचार निगरानी शाखा) सिंहदरवार ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(सुशासन तथा भ्रष्टाचार निगरानी शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

प सं ०७८/७९
च नं: भ्र. नि/५२१/ ५३२८

मितिः २०७८/१२/१०

श्री सबै मन्त्रालय/निकाय, सचिवालय।
श्री सबै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

विषय : सुझाव कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प. सं. योजना /०७८/७९, च. नं. २५७७८ मिति २०७८/१२/०४ को पत्रको सन्दर्भमा लेखिदैंछ। आयोगले उजुरीहरूको छानबीन तथा अनुसन्धानको सिलसिलामा सरकारी निकायहरूबाट सम्पादन हुने कार्यमा सुधार गर्नुपर्ने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) (ख) बमोजिम सरकारी निकायहरूलाई सुझाव कार्यान्वयनका लागि लेखी पठाउने सम्बन्धमा अनुरोध भई आएको हुँदा ताहाँ मन्त्रालय/निकाय, सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सोही अनुसार सुझाव कार्यान्वयन गर्नु/गराउनु हुन पत्रको छायाँप्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(गुणा राई)
शाखा अधिकृत

**बोधार्थ:**
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
(नीति, योजना, तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा)
टङ्गाल, काठमाडौं।

टेलिफोन : ४२००३३८,४२११०२५,४२११०४०,४२११०३५,४२११०८०,४२११०७३ फ्याक्स : ४२११०६५,४२११०८६
इमेल : opmcmsadachar@nepal.gov.np, info@nepal.gov.np वेब साइट : www.opmcm.gov.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं,

(नीति, योजना तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा)


प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं.: ६०८४
मिति : २०७८।१२।६

पत्र संख्या :- योजना/०७८/७९
चलानी नं. :- २५६६८

मिति : २०७८।१२।०४

विषयः <u>सुझाव कार्यान्वयन सम्बन्धमा</u> ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

यस आयोगमा परेका उजुरीहरुको छानबिन तथा अनुसन्धानको सिलसिलामा सरकारी निकायहरुबाट सम्पादन हुने कार्यमा देहाय बमोजिम सुधार गर्नुपर्ने देखिन आएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) (ख) बमोजिम सरकारी निकायहरुलाई तपसिल बमोजिम सुझाव लेखी पठाउने यस आयोगको मिति २०७८।११।२३ को बैठकबाट निर्णय भएको हुँदा प्रस्तुत सुझाव कार्यान्वयनको आवश्यक व्यवस्था मिलाई सबै मन्त्रालय, सचिवालय र सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयहरुलाई जानकारी गराउने व्यवस्थाको लागि सादर अनुरोध गर्दछु।

तपसिल

<u>सुझाव नं. १:</u>

सरकारी निकायमा प्रयोग हुने विभिन्न विद्युतीय सूचना प्रणालीको प्रयोगकर्ता विवरण (युजर नेम र पासवर्ड) सम्बन्धित कर्मचारी आफैंले प्रयोग नगरी अरुलाई प्रयोग गर्न दिने तथा दुरुपयोग गर्ने जस्ता बेथितिहरु बढ्दै जाँदा दीर्घकालीनरूपमा समग्र सार्वजनिक निकायको कार्यमा बाधा पर्ने र संवेदनशील सूचनाहरु चुहावट समेत हुन सक्ने देखिन्छ। सबै सरकारी निकायका जिम्मेवार कर्मचारीहरूलाई मात्र यस्ता विद्युतीय सूचना प्रणाली प्रयोगकर्ता विवरण उपलब्ध गराउन, पासवर्ड उपलब्ध गराएको प्रयोगकर्ताबाट भए गरेका काम कारवाहीहरुको समय-समयमा अनुगमनको व्यवस्था मिलाउन र म.ले.प. फारम नं. ९०१ र ९०२ को अनिवार्य प्रयोग गर्न गराउन सबै सरकारी निकायलाई परिपत्र गर्ने।

<u>सुझाव नं. २:</u>

कर्मचारी सरुवा/बढुवा भई जाँदा आफ्नो जिम्मामा रहेको सार्वजनिक सम्पत्ति, सार्वजनिक सम्पत्तिको हक हस्तान्तरण गर्ने निर्णय भएका फाइलहरु, जिन्सी सामग्री, कम्प्यूटर अभिलेख, निर्णय फाइल तथा चिठ्ठीपत्रसहितका कागजातहरु अनिवार्यरूपमा बरबुझारथ गर्ने व्यवस्था मिलाउने, यसरी आफुले जिम्मा लिएका सामानहरु नबुझाउने कर्मचारीलाई जवाफदेही बनाउने समेत सबै सरकारी निकायलाई परिपत्र गर्ने।

E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

पत्र संख्या :-
चलानी नं. :-

सुझाव नं. ३:

निजामती सेवा ऐन, २०४९ को दफा ५क. मा निजामती पदको कार्य विवरण सम्बन्धी व्यवस्था उल्लेख रहेको छ। ऐ. ऐनको दफा १८ख. मा निजामती कर्मचारीलाई जिम्मेवारी नदिई राख्न नहुने व्यवस्था उल्लिखित छ। निजामती सेवा नियमावली, २०५० को नियम ९ मा कार्य विवरणसम्बन्धी ऐनको व्यवस्थाको थप व्याख्या गरिएको छ। यसैगरी, ऐ. नियमावलीको नियम ७८ मा कार्य विवरण समेतको आधारमा कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन हुने गरी सूचकहरु निर्धारण गरिएको छ।

सार्वजनिक निकायका कर्मचारीलाई कार्य विवरण प्रदान नगरिएको कारण कार्यसम्पादन सम्बन्धी त्रुटी एवम् कमी कमजोरी भएमा सो सम्बन्धमा सम्बन्धित निकायका प्रमुख समेत उत्तरदायी हुनुपर्दछ। तसर्थ, कार्य विवरण लागू गर्ने व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा निजामती सेवाको पदमा कार्यरत कर्मचारीहरुको लागि उल्लिखित कानूनी व्यवस्था बमोजिम हुने गरी र अन्य सरकारी सेवा र सार्वजनिक संस्थानका कर्मचारीहरुको लागि सम्बन्धित कानुनमा तोकिए बमोजिम हुने गरी अनिवार्यरूपमा कार्यविवरण तयार गरी सम्बन्धित कर्मचारीलाई जानकारी गराई कार्यान्वयन गर्ने।

बोधार्थ तथा कार्यार्थः-

१. श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौ :- मातहतका सबै निकायलाई समेत जानकारी गराई सुझाव कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउनुहुन।
२. श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं :- मातहतका सबै निकाय र सार्वजनिक संस्थानलाई समेत जानकारी गराई सुझाव कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउनुहुन।
३. श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं :- सबै स्थानीय तहलाई समेत जानकारी गराई सुझाव कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउनुहुन।

२०७८/१२/०४

(श्याम प्रसाद भण्डारी)
सहसचिव

फोनः ४२६२१८०, ४२६२२४७, टोलफ्रि नं. : १६६०-०१-२२२३३, फयाक्स : ४२६२१२८, ४२६२१०४ E-mail : akhtiyar@ntc.net.np